# सुदूरपश्चिम विश्वविद्यालय पदाधिकारी छनोटका आधार, मापदण्ड र सिफारिस सम्बन्धी कार्यविधि, २०८१

**सुदूरपश्चिम विश्वविद्यायल कार्यकारी परिषद्द्वारा**

स्वीकृत मिति २०८१।०७।२१

प्रथम संशोधन : २०८३।०५।२४

## प्रस्तावना

सुदूरपश्चिम विश्वविद्यालय कार्यकारी परिषदद्वारा नियुक्ति गरिने पदाधिकारीहरूको नियुक्तिका निश्चित आधार मापदण्ड बनाइ ती मापदण्डमा आधारित स्वतन्त्र र निष्पक्ष रुपमा प्रतिस्पर्धा गराई नियुक्तिका लागि सिफारिस गर्नु वाञ्छनीय भएकोले सुदूरपश्चिम विश्वविद्यालय संगठन र शैक्षिक प्रशासन नियमावली २०६९ को परिच्छेद ५ को नियम ७५ (१) अनुसार सुदूरपश्चिम विश्वविद्यालय पदाधिकारी छनोटका आधारमा मापदण्ड र सिफारिस सम्बन्धी कार्यविधि २०८१ तयार गरिएको छ ।

## परिच्छेद–१

**प्रारम्भिकः**

१. संक्षिप्त नाम र प्रारम्भ : (क) यस कार्यविधिको नाम सुदूरपश्चिम विश्वविद्यालय पदाधिकारी सिफारिसका आधार मापदण्ड र सिफारिस सम्बन्धी कार्यविधि, २०८१ रहेको छ ।

(ख) यो कार्यविधि सुदूरपश्चिम विश्वविद्यालयको कार्यकारी परिषद्बाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

## परिच्छेद–२

**परिभाषाः**

२ परिभाषा :– विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) ‘ऐन’ भन्नाले सुदूरपश्चिम विश्वविद्यालय ऐन २०६७ लाई सम्झनु पर्दछ ।

(ख) ‘विश्वविद्यालय’ भन्नाले सुदूरपश्चिम विश्वविद्यालय ऐन २०६७ को दफा ३ बमोजिम स्थापित सुदूरपश्चिम विश्वविद्यालयलाई सम्झनु पर्दछ ।

(ग) ‘नियमावली’ भन्नाले सुदूरपश्चिम विश्वविद्यालय संगठन र शैक्षिक प्रशासन नियमावली २०६९, आर्थिक प्रशासन नियमावली २०६९ र शिक्षक कर्मचारी  सेवा नियमावली २०६९ लाई सम्झनु पर्दछ

(घ) ‘कार्यविधि’ भन्नाले  सुदूरपश्चिम विश्वविद्यालय पदाधिकारी छनोटका आधार, मापदण्ड र सिफारिस सम्वन्धी कार्यविधि २०८१ लाई सम्झनु पर्दछ ।

(ङ) ‘कार्यकारी परिषद्’ भन्नाले ऐनको दफा १२ बमोजिमको कार्यकारी परिषद्लाई सम्झनु पर्दछ ।

(च) ‘सङ्काय’ भन्नाले ऐनको दफा १४ बमोजिम गठित सङ्कायलाई सम्झनु पर्दछ ।

(छ) 'क्याम्पस' भन्नाले सुदूरपश्चिम विश्वविद्यालयका केन्द्रीय क्याम्पस, आंगिक क्याम्पस र सम्बन्धन प्राप्त क्याम्पसहरुलाई सम्झनु पर्दछ ।

(ज) 'उपकुलपति' भन्नाले ऐनको दफा २४ बमोजिम नियुक्त उपकुलपतिलाई सम्झनु पर्दछ ।

(झ) 'रजिष्ट्रार' भन्नाले ऐनको दफा २५ बमोजिम नियुक्त रजिष्ट्रारलाई सम्झनु पर्दछ ।

(ञ) 'डीन' भन्नाले ऐनको दफा २६ बमोजिम नियुक्त सङ्कायको प्रमुख सम्झनु पर्दछ ।

(ट) 'निर्देशक' भन्नाले ऐनको दफा २७ बमोजिम नियुक्त प्रमुख सम्झनु पर्दछ ।

(ठ) 'परीक्षा नियन्त्रक' भन्नाले सुदूरपश्चिम विश्वविद्यालय संगठन र शैक्षिक प्रशासन नियमावली २०६९ को नियम ९६ को उपनियम (५) बमोजिम नियुक्त परिक्षा नियन्त्रक सम्झनु पर्दछ ।

(ड) 'सह परीक्षा नियन्त्रक' भन्नाले सुदूरपश्चिम विश्वविद्यालय संगठन र शैक्षिक प्रशासन नियमावली (संशोधन सहित) २०६९ को नियम ९६ (क) बमोजिम नियुक्त सहपरीक्षा नियन्त्रक सम्झनु पर्दछ ।

(ढ) 'प्रिन्सिपल/प्राचार्य' भन्नाले सुदूरपश्चिम विश्वविद्यालय संगठन र प्रशासन नियमावली २०६९ को नियम १६१ (क) बमोजिम नियुक्त प्रिन्सिपल/प्राचार्यलाई सम्झनु पर्दछ ।

(ण) 'क्याम्पस प्रमुख' भन्नाले सुदूरपश्चिम विश्वविद्यालय अन्तर्गतका क्याम्पस प्रमुखलाई सम्झनु पर्दछ ।

(त) 'स्कुल प्रमुख' भन्नाले सुदूरपश्चिम विश्वविद्यालय संगठन र शैक्षिक प्रशासन नियमावली २०६९ को नियम १०८ (क) बमोजिम नियुक्त स्कुल प्रमुखलाई सम्झनु पर्दछ ।

(थ) 'केन्द्रीय विभाग प्रमुख' भन्नाले सुदूरपश्चिम विश्वविद्यालय संगठन र शैक्षिक प्रसासनीक नियमावली २०६९ को नियम ११५ बमोजिम नियुक्त विभागीय प्रमुखलाई सम्झनु पर्दछ ।

(द) 'उम्मेदवार' भन्नाले प्रतियोगितामा सम्मिलित हुन न्यूनतम योग्यता पुगेका उम्मेदवार, पदाधिकारी वा व्यक्तिलाई समेत जनाउने छ ।

(ध) 'प्रतियोगिता' भन्नाले विश्वविद्यालयको नियम अनुसार पदाधिकारीको लागि आव्हान गरिएको प्रतियोगिता सम्झनु पर्दछ ।

(न) 'योग्यता' भन्नाले यस कार्यविधिमा व्यवस्था भए बमोजिम पदाधिकारी नियुक्तिका लागि तोकिएको न्यूनतम योग्यता सम्झनु पर्दछ ।

(प) 'पदाधिकारी' भन्नाले विश्वविद्यालयको ऐन, नियम अनुसार तोकिएका पदाधिकारी सम्झनु पर्दछ ।

(फ) 'पदाधिकारी' सिफारिस समिति भन्नाले विश्वविद्यालयको कार्यकारी परिषदले पदाधिकारी पदपूर्तिको लागि गठन गरेको एक स्वतन्त्र सिफारिस समिति भन्ने सम्झनु पर्दछ ।

(ब) 'शैक्षिक उपाधि' भन्नाले यस कार्यविधिमा तोकिएको उपाधिलाई सम्झनु पर्दछ ।

(भ) 'अनुभव' भन्नाले सावधिक पदमा काम गरेवापत कार्यविधिमा तोकिए बमोजिम प्राप्त हुने अङ्कलाई सम्झनु पर्दछ ।

(म) 'अङ्क' भन्नाले शैक्षिक उपाधि, कार्यानुभव, प्राज्ञिक अनुभव, अनुसन्धान सम्बन्धी लेखवापत प्राप्त हुने अंक र यस कार्यविधिमा विभिन्न शीर्षकमा तोकिए बमोजिम प्राप्त हुने अंक सम्झनु पर्दछ ।

(य) 'संयोजक' भन्नाले यस कार्यविधि बमोजिम पदाधिकारी सिफारिसका लागि गठित सिफारिस समितिको संयोजक सम्झनु पर्दछ ।

## परिच्छेद–३

## सिफारिस सम्बन्धी व्यवस्था

३ सिफारिस प्रक्रियाः– नियममा स्पष्ट व्यवस्था भएकोमा बाहेक कार्यकारी परिषदले पदाधिकारी पदपूर्तिका लागि तीन सदस्य रहेको स्वतन्त्र पदाधिकारी सिफारिस समिति गठन गर्नेछ । उक्त समितिमा घटीमा एकजना सुदूरपश्चिम विश्वविद्यालयको बहालवाला वा अवकासप्राप्त प्राध्यापक रहनेछ । कार्यकारी परिषदले तोकी पठाएको पद, पदको संख्या र प्रतियोगिताको किसिमका आधारमा पदाधिकारी सिफारिस समितिले पदाधिकारीमा नियुक्तिका लागि विज्ञापन भएको दिन देखि सिफारिस सम्बन्धी प्रक्रिया सुरू गर्नेछ र साधारणतया २ महिनाभित्र सिफारिस प्रक्रिया टुङ्गो लगाई सक्नुपर्ने छ । गठित सिफारिस समितिले देहाय बमोजिमको योग्यता र मापदण्डको अधीनमा रही पदाधिकारी नियुक्तिका लागि तीन जनाको नाम सुदूरपश्चिम विश्वविद्यालय संगठन र शैक्षिक प्रशासन नियमावली २०६९ मा भएको व्यवस्था बमोजिम सम्बन्धित निकायमा पेस गर्नेछ ।

४. विज्ञापन र आवेदन फाराम :–

(क) नियुक्तिका लागि सिफारिस गर्नुपर्ने पदाधिकारीको पद र संख्या सवै प्रकारको न्यूनतम योग्यता एवम् प्रतियोगिताको किसिम समेत खुलाई विश्वविद्यालयले सिफारिस गर्ने पदहरूको विज्ञापन राष्ट्रिय स्तरको पत्र पत्रिकामा प्रकाशित गर्ने छ ।

♣ (ख) विज्ञापन बमोजिम आवेदन दिने म्याद सूचना प्रकाशित मितिदेखि १० दिन हुनेछ ।

(ग) पदाधिकारीको विज्ञापन बमोजिम न्यूनतम योग्यता पुगेका इच्छुक उम्मेदवारहरूले आवेदन फाराम तोकिएको समयावधिभित्र पदाधिकारी सिफारिस समितिमा आइपुग्ने गरी तोकिएको इमेल र भौतिक रुपमा बुझाइ सक्नु पर्ने छ ।

(घ) तोकिएको म्याद भित्र दाखिला नभएका वा न्यूनतम योग्यता नपुगेको वा विज्ञापनमा उल्लेखित सर्तहरू पूरा नभएका वा रीतपूर्वक नआएका आवेदन फारामहरूको कुनै कारवाही गरिने छैन ।[ज्ञ]

---

♣ [1]सुदूरपश्चिम विश्वविद्यालय पदाधिकारी छनोटका आधार, मापदण्ड र सिफारिस सम्बन्धी कार्यविधि, २०८१ मा पहिलो संशोधन २०८३

(ङ) पदाधिकारीका लागि विश्वविद्यालयबाट यस कार्यविधिको आवश्यकताहरू पूर्ति हुनेगरी आवेदन फारामहरू तोकिने छ ।

(च) सिफारिस प्रक्रियाको प्रतियोगिता हुने मिति, समय, स्थान र प्रक्रियाबारे प्रतियोगिता हुने दिन भन्दा बढीमा ७ ( सात) दिन अगावै सम्वन्धित उमेदवारलाई जानकारी गराइने छ ।

(छ) विश्वविद्यालयको पदाधिकारी सिफारिस समितिमा पेसभएका आवेदन र सम्वन्धित संलग्न कागजात फिर्ता गरिने छैन तर आवेदन फारामसँगै पेस भएका अनुसन्धानात्मक र अन्य कृतिहरू नतिजा प्रकाशन पश्चात पुनरावेदन सम्बन्धी कारवाहीको टुंगो लागे पछि सम्वन्धित आवेदकलाई फिर्ता दिन सकिने छ । कृति फिर्ता दिन सुरू गरिएको समय देखि एक महिनाभित्र सम्वन्धित व्यक्तिले आफ्ना कृति फिर्ता लिइ सक्नु पर्नेछ ।

(ज) विश्वविद्यालयद्वारा प्रकाशित विज्ञापनमा सम्मिलित हुन चाहने इच्छुक उम्मेदवारले आफ्नो बायोडाटा सहित आफूले प्राप्त गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरू स्वयम् प्रमाणित गरी फाराम साथ संलग्न गर्नु पर्नेछ ।

परिच्छेद–४

## प्रतियोगिताका प्रकार, न्यूनतम योग्यता, सिफारिसका आधार, मापदण्ड तथा पूर्णाङ्क विभाजन

५. प्रतियोगिताको प्रकारः– विश्वविद्यालयको पदाधिकारी सिफारिस समितिले तोकिएको शैक्षिक तथा अन्य योग्यता पुगेका संघिय विश्वविद्यालय सेवामा रहेका व्यक्तिलाई खुल्ला प्रतियोगिताको आधारमा पदाधिकारी नियुक्तिको लागि सिफारिस गर्नेछ ।

६. न्यूनतम योग्यता, सिफारिसका आधार र मापदण्डः– देहाय बमोजिम पदाधिकारीको प्रतियोगितामा आवेदन दिनका लागि न्यूनतम योग्यता र सिफारिस गर्ने आधार र तिनको पूर्णाङ्क विभाजन यस कार्यविधिको अनुसूचीमा भएको व्यवस्थाको अधिनमा रहने गरी देहाय बमोजिम हुने छ ।

**७. डीन सिफारिसका न्यूनतम योग्यता, आधार र मापदण्डः–** डीन शैक्षिक तथा प्राज्ञिक नेतृत्व गर्ने पदाधिकारी हुने भएकाले तोकिएका मापदण्ड र सूचकहरूका आधारमा पदाधिकारी सिफारिस समितिको सिफारिस बमोजिम डीनको नियुक्ति कार्यकारी परिषदले गर्ने छ । उक्त समिति समक्ष डीनको उम्मेदवारले आफ्नो कार्य योजना सहितको अवधारणा प्रस्ताव पेस गर्नुपर्नेछ । यसरी पेस भएको अवधारणा प्रस्तावको मूल्यांकन गर्ने गराउने तथा उम्मेदवारले आफ्नो प्रस्ताव उक्त समिति समक्ष प्रस्तुतीकरण गर्नुपर्ने छ । समितिले उक्त पदका लागि वर्णानुक्रम अनुसार तीन जना योग्य उम्मेदवारहरुलाई सम्बन्धित निकायमा सिफारिस गर्नेछ । डीन छनोटलाई पारदर्शी, योग्यतामा आधारित र विवाद रहित बनाउनका लागि शैक्षिक योग्यता, कार्य अनुभव, जेष्ठता, व्यवस्थापकीय क्षमता, प्राज्ञिक अनुसन्धान र सो को प्रकाशन तथा अवधारणापत्र र कार्ययोजनाको प्रस्तुतिलाई आधार मानिएको छ ।

(अ) **डीन सिफारिसको न्यूनतम  योग्यताः–** डीन पदको लागि आवश्यक न्यूनतम  योग्यता देहाय बमोजिम निर्धारण गरिएको छ :

(क) नेपाली नागरिक

♣ (ख) (ख) मान्यता प्राप्त विश्वविद्यालयका प्राध्यापक वा कम्तीमा पि.एचडी. सहित १०  वर्ष सेवा पुगेका सहप्राध्यापक तर स्वास्थ्य विज्ञान सङ्कायको हकमा सम्बन्धित विषयमा स्नातकोत्तर वा विद्यावारिधि वा Doctorate in Medicine DM/Master of  Surgery (M. S.) उपाधि सहित १० वर्ष सेवा पुगेका प्राध्यापक वा सहप्राध्यापक  र कानुन सङ्कायको हकमा सम्बन्धित विषयमा स्नातकोत्तर सहित १० वर्ष सेवा पुगेका प्राध्यापक वा सहप्राध्यापक

(ग) प्राज्ञिक, आर्थिक तथा प्रशासनिक/व्यवस्थापन सम्बन्धी क्षेत्रमा काम गरेको अनुभव प्राप्त

(घ) पूर्ण कार्यकाल काम गर्न सक्ने गरी उमेरको हद बाँकी रहेको

(ङ) नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको

(च) विश्वविद्यालयसँग कुनै पनि व्यक्तिगत स्वार्थ नबाझिएको

(छ) बौद्धिक चोरीको विवादमा नपरेको

(ज) एकल वा प्रथम लेखकको रूपमा अनुसन्धानमूलक लेख, पाठ्यपुस्तक, सन्दर्भ पुस्तक वा सन्दर्भ सामग्री प्रकाशितगरेको

(झ) कुनै पनि निजी शैक्षिक संस्थाहरुमा सम्बन्धित व्यक्तिको लगानी नभएको ।

♣[2] [2]सुदूरपश्चिम विश्वविद्यालय पदाधिकारी छनोटका आधार, मापदण्ड र सिफारिस सम्बन्धी कार्यविधि,  २०८१ मा पहिलो संशोधन २०८३

(आ) **डीन सिफारिसका आधार र मापदण्डः–** डीनको नियुक्तिको आधार मापदण्ड र मूल्याङ्कनका लागि निर्धारण गरिएका अंङ्कभार देहाय बमोजिम रहने छन ।

| डीन सिफारिसका आधार र मापदण्ड | | | | |
|---|---|---|---|---|
| क.सं. | आधार | मापदण्ड | पूर्णाङ्क | पूर्णाङ्कको विस्तृतीकरण/अंक विभाजन |
| १ | शैक्षिक योग्यता | शैक्षिक योग्यता वाफत | २० | शैक्षिक योग्यता-२० अंक |
| २ | क्षेत्रगत कार्य अनुभव | विश्वविद्यालय सेवामा रही उच्च शिक्षाको प्राध्यापन र अनुसन्धानको क्षेत्रमा कम्तीमा पनि १० वर्षको कार्य अनुभव भएको | २० | ♣ प्रति वर्ष २ अंकका दरले अधिकतम २० अंक |
| ३ | ♣ व्यवस्थापकीय, प्रशासकीय कार्यअनुभव | मान्यता प्राप्त विश्वविद्यालयको पदाधिकारीमा रही व्यवस्थापकीय/प्रशासकीय अनुभव भएको | १० | प्रति वर्ष २ अंकका दरले अधिकतम १० अंक |
| ४ | शैक्षिक– प्राज्ञिक अनुसन्धानमूलक परियोजना र प्रतिवेदन | शैक्षिक–प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरू सफलतापूर्वक सम्पन्न गरेको | १० | परियोजना प्रतिवेदनको ५ अंकका दरले परियोजनामा आधारित प्रतिबेदन/प्रकाशनको अधिकतम १० अंक |
| ५ | Patent right, PhD थेसिस सुपरीवेक्षण वाफत | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय Patent right र प्रमुख सुपरभाइज रही PhD थेसिस पूरा गराएको | १० | प्रति गोटा २.५ अंकका दरले अधिकतम १० अंक |
| ६ | लेख, पाठयपुस्तक, सन्दर्भ पुस्तक तथा सन्दर्भ सामग्री प्रकाशन | मान्यता प्राप्त इन्डेक्स वा पियर रिभ्यू जर्नलमा अनुसन्धानमूलक लेख, मान्यता प्राप्त प्रकाशकबाट पाठ्यपुस्तक, सन्दर्भ पुस्तक तथा सन्दर्भ सामग्री प्रकाशन गरेको | २० | प्रकाशितअनुसन्धान लेख, पाठ्यपुस्तक, सन्दर्भ पुस्तक वा सन्दर्भ सामग्रीको प्रथम लेखकका निम्ति प्रतिलेख, पाठ्यपुस्तक, सन्दर्भ पुस्तक वा सन्दर्भ सामग्रीको २ अंक र सहलेखनको निम्ति प्रतिलेख सन्दर्भ सामग्रीको १ अंकले अधिकतम २० अंक |

| | | | | |
|---|---|---|---|---|
| ७ | सुदूरपश्चिम विश्वविद्यालय तथा यसका आंगिक क्याम्पसमा कार्य गरे वाफत | सुदूरपश्चिम विश्वविद्यालय सेवामा रही अटुट रुपले प्राध्यापन गरेका आवेदकका लागि विशेष व्यवस्था | १० | कुनै पनि पदमा रही काम गरेको प्रति वर्ष दिइने अंकका दरले अधिकतम १० अंक |
| ८ | कार्ययोजना सहितको अवधारणा प्रस्ताव | डीन पदको आवेदकले लिखित रूपमा आफ्नो पदीय भूमिका र कार्य योजना सहितको पेस गरेको अवधारणा प्रस्ताव | २० | कार्ययोजना सहित अवधारणा प्रस्ताव २० अंक |
| ९ | कार्य योजना सहितको अवधारणा प्रस्तावको प्रस्तुतीकरण तथा अन्तर्वार्ता | डीन पदको आवेदकले लिखित रूपमा आफ्नो पदीय भूमिका र कार्य योजना सहित पेस गरेको अवधारणा प्रस्ताव उपर प्रस्तुतीकरण | ३० | कार्य योजना सहितको अवधारणा प्रस्तावको प्रस्तुतीकरण ३० अंक |
| | | जम्मा पूर्णाङ्क | १५० | |

**८ सहायक डीन सिफारिसका न्यूनतम योग्यता, आधार र मापदण्डः–** सहायक डीन शैक्षिक तथा प्राज्ञिक नेतृत्व गर्ने पदाधिकारी हुने भएकाले तोकिएका मापदण्ड र सूचकहरूका आधारमा पदाधिकारी सिफारिस समितिको सिफारिस बमोजिम सहायक डीनको नियुक्ति कार्यकारी परिषदले गर्ने छ । उक्त समिति समक्ष सहायक डीनको उम्मेदवारले आफ्नो कार्य योजना सहितको अवधारणा प्रस्ताव पेस गर्नुपर्नेछ । यसरी पेस भएको अवधारणा प्रस्तावको मूल्यांकन गर्ने गराउने तथा उम्मेदवारले आफ्नो प्रस्ताव उक्त समिति समक्ष प्रस्तुतीकरण गर्नुपर्ने छ । समितिले उक्त पदका लागि वर्णानुक्रम अनुसार तीन जना योग्य उम्मेदवारहरुलाई सम्बन्धित निकायमा सिफारिस गर्नेछ । सहायक डीन छनोटलाई पारदर्शी, योग्यतामा आधारित र विवाद रहित बनाउनका लागि शैक्षिक योग्यता, कार्य अनुभव, जेष्ठता, व्यवस्थापकीय क्षमता, प्राज्ञिक अनुसन्धान र सो को प्रकाशन तथा अवधारणापत्र र कार्ययोजनाको प्रस्तुतिलाई आधार मानिएको छ ।

**(अ) सहायक डीन सिफारिसका न्यूनतम योग्यता:–** सहायक डीन पदको लागि आवश्यक न्यूनतम योग्यता देहाय बमोजिम निर्धारण गरिएको छ :

(क) नेपाली नागरिक

♣ (ख) मान्यता प्राप्त विश्वविद्यालयमा १० वर्ष सेवा पुगेका प्राध्यापक/सहप्राध्यापक/उपप्राध्यापक

(ग) प्राज्ञिक, आर्थिक तथा प्रशासनिक/व्यवस्थापन सम्बन्धी क्षेत्रमा काम गरेको अनुभव प्राप्त

(घ) पूर्ण कार्यकाल काम गर्न सक्ने गरी उमेरको हद बाँकी रहेको

(ङ) नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको

(च) विश्वविद्यालयसँग कुनै पनि व्यक्तिगत स्वार्थ नबाझिएको

(छ) बौद्धिक चोरीको विवादमा नपरेको

(ज) एकल वा प्रथम लेखकको रूपमा अनुसन्धानमूलक लेख, पाठ्यपुस्तक, सन्दर्भ पुस्तक वा सन्दर्भ सामग्री प्रकाशितगरेको

(झ) कुनै पनि निजी शैक्षिक संस्थाहरुमा सम्बन्धित व्यक्तिको लगानी नभएको

**(आ) सहायक डीन सिफारिसका आधार र मापदण्ड:–** सहायक डीनको नियुक्तिको आधार मापदण्ड र मूल्यांकनका लागि निर्धारण गरिएका अंङ्कभार देहाय बमोजिम रहने छन ।

| सहायक डीन छनोटका आधार र मापदण्ड | | | | |
|---|---|---|---|---|
| क्र.सं. | आधार | मापदण्ड | पूर्णाङ्क | पूर्णाङ्कको विस्तृतीकरण/अङ्क विभाजन |
| १ | शैक्षिक योग्यता | शैक्षिक योग्यता वाफत | २० | शैक्षिक योग्यता-२० अंङक |
| २ | ♣ क्षेत्रगत कार्य अनुभव | विश्वविद्यालय सेवामा रही उच्च शिक्षाको प्राध्यापन र अनुसन्धानको क्षेत्रमा कम्तीमा पनि १० वर्षको कार्य अनुभव भएको | २० | प्रति वर्ष २ अंकका दरले अधि( कतम २० अंक |
| ३ | ♣ व्यवस्थापकीय, प्रशासकीय कार्यअनुभव | मान्यता प्राप्त विश्वविद्यालयको पदाधिकारीमा रही व्यवस्थापकीय/प्रशासकीय अनुभव भएको | १० | प्रति वर्षको २ अंकका दरले अधिकतम १० अंक |
| ४ | शैक्षिक-प्राज्ञिक अनुसन्धानमूलक परियोजना र प्रकाशन | शैक्षिक-प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरू सफलता पूर्वक सम्पन्न गरेको | २५ | प्रति अनुसन्धान परियोजना ५ अंकका दरले परियोजनामा आधारित प्रतिबेदन/पकाशनका |

| | | | | |
|---|---|---|---|---|
| | | | | लागि अधिकतम २५ अंक |
| ५ | लेख, पाठयपुस्तक, सन्दर्भ पुस्तक तथा सन्दर्भ सामग्री प्रकाशन | मान्यता प्राप्त इन्डेक्स वा पियर रिभ्यु जर्नलमा अनुसान्धनमूलक लेख, मान्यता प्राप्त प्रकाशकबाट पाठ्यपुस्तक, सन्दर्भ पुस्तक तथा सन्दर्भ सामग्री प्रकाशन गरेको | २५ | प्रकाशित अनुसन्धानमूलक लेख, पाठ्यपुस्तक, सन्दर्भ पुस्तक वा सन्दर्भ सामग्रीको प्रथम लेखकका निम्ति प्रतिलेख, पाठ्यपुस्तक, सन्दर्भ पुस्तक वा सन्दर्भ सामग्रीको २ अंक र सहलेखनको निम्ति प्रतिलेख सन्दर्भ सामग्रीको १ अंकले अधिकतम २५ अंक |
| ६ | कार्य योजना सहितको अवधारणा प्रस्ताव | सहायक डीन पदको आवेदकले लिखित रुपमा आफ्नो पदीय भूमिका र कार्य योजना सहित पेस गरेको अवधारणा प्रस्ताव | २० | कार्ययोजना सहितको अवधारणा प्रस्ताव २० अंक |
| ७ | कार्य योजना सहितको अवधारणा प्रस्तावको प्रस्तुतीकरण तथा अन्तर्वार्ता | सहायक डीन पदको आवेदकले लिखित रूपमा आफ्नो पदीय भूमिका र कार्ययोजना सहित पेस गरेको अवधारणा प्रस्ताव उपर प्रस्तुतीकरण | ३० | कार्ययोजना सहितको अवधारणा प्रस्तावको प्रस्तुतीकरण ३० अङ्क |
| | | जम्मा पूर्णाङ्क | १५० | |

घ

[3] [3]सुदूरपश्चिम विश्वविद्यालय पदाधिकारी छनोटका आधार, मापदण्ड र सिफारिस सम्बन्धी कार्यविधि, २०८१ मा पहिलो संशोधन २०८३

९. **निर्देशक सिफारिसका न्यूनतम योग्यता, आधार र मापदण्ड :–** निर्देशक नियुक्ति तोकिएका मापदण्ड र सूचकहरूका आधारमा पदाधिकारी सिफारिस समितिको सिफारिस बमोजिम कार्यकारी परिषदले गर्ने छ । उक्त समिति समक्ष निर्देशकको उम्मेदवारले आफ्नो कार्य योजना सहितको अवधारणा प्रस्ताव पेस गर्नुपर्ने छ । सिफारिस समितिले यसरी पेसभएका अवधारणा प्रस्तावको मूल्यांकन गर्ने गराउने तथा उम्मेदवारले आफ्नो प्रस्ताव उक्त समिति समक्ष प्रस्तुतीकरण गर्नु पर्नेछ । समितिले उक्त पदका लागि वर्णनानुक्रम अनुसार तीन जना योग्य उम्मेदवारहरुलाई सम्बन्धित निकायमा सिफारिस गर्नेछ । उक्त पदमा रहने व्यक्तिहरूलाई देहायअनुसारको योग्यता तथा अनुभव अनुसार कार्यकारी परिषद्ले नियुक्ति गर्न सक्ने छ ।

(अ) **निर्देशक सिफारिसका न्यूनतम योग्यता:–** निर्देशकको पदको लागि आवश्यक न्यूनतम योग्यता देहाय बमोजिम निर्धारण गरिएको छ:–

(क) नेपाली नागरिक

(ख) मान्यता प्राप्त विश्वविद्यालयका प्राध्यापक वा कम्तीमा पि.एचडी. सहित १० वर्ष सेवा पुगेका सहप्राध्यापक

(ग) प्राज्ञिक, आर्थिक तथा प्रशासन व्यवस्थापन सम्बन्धी क्षेत्रमा काम गरेको अनुभव प्राप्त

(घ) पूर्ण कार्यकाल काम गर्न सक्ने गरी उमेरको हद बाँकी रहेको

(ङ) नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको

(च) विश्वविद्यालयसँग कुनै पनि व्यक्तिगत स्वार्थ नबाझिएको

(छ) बौद्धिक चोरीको विवादमा नपरेको

(ज) एकल वा प्रथम लेखकको रूपमा अनुसन्धानमूलक लेख, पाठ्यपुस्तक सन्दर्भपुस्तक वा सन्दर्भ सामग्री प्रकाशित गरेको

(झ) कुनै पनि निजी शैक्षिक संस्थाहरुमा सम्बन्धित व्यक्तिको लगानी नभएको

(आ) **निर्देशक सिफारिसका आधार र मापदण्ड:–** निर्देशक नियुक्तिको आधार, मापदण्ड र मूल्यांकनका लागि निर्धारण गरिएका अङ्कभार देहाय बमोजिम रहने छन ।

| निर्देशक छनोटका आधार र मापदण्ड | | | | |
|---|---|---|---|---|
| क्र.सं. | आधार | मापदण्ड | पूर्णाङ्क | पूर्णाङ्कको विस्तृतीकरण/ अङ्क विभाजन |
| १ | शैक्षिक योग्यता | शैक्षिक योग्यता वापत | २० | शैक्षिक योग्यता-२० अंङक |
| २ | क्षेत्रगत कार्य अनुभव | विश्वविद्यालय सेवामा रही उच्च शिक्षाको प्राध्यापन र अनुसन्धानको क्षेत्रमा कम्तीमा १० वर्ष कार्य अनुभव भएको | २० | ♣ प्रति वर्ष २ अंकाका दरले अधिकतम् २० अंक |

| | | | | |
|---|---|---|---|---|
| ३ | ♣ व्यवस्थापकीय/ प्रशासकीय कार्यअनुभव | मान्यता प्राप्त विश्वविद्यालयको पदाधिकारीमा रही व्यवस्थापकीय/प्रशासकीय अनुभव भएको | १० | प्रति वर्ष २ अंकका दरले अधिकतम १० अंक |
| ४ | शैक्षिक-प्राज्ञिक अनुसन्धानमूलक परियोजना र प्रकाशन | शैक्षिक–प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरू सफलतापूर्वक सम्पन्न गरेको | २५ | प्रति अनुसन्धान परियोजना प्रतिवेदनको ५ अंकका दरले परियोजनामा आधारित प्रतिबेदन/प्रकाशनलाई अधिकतम २५ अंक |
| ५ | लेख, पाठयपुस्तक, सन्दर्भ पुस्तक तथा सन्दर्भ सामग्री प्रकाशन | मान्यता प्राप्त अनुसन्धानमूलक इन्डेक्स वा पियर रिभ्यु जर्नलमा अनुसन्धानमूलकलेख, मान्यता प्राप्त प्रकाशकबाट पाठ्यपुस्तक, सन्दर्भ पुस्तक तथा सन्दर्भ सामग्री प्रकाशन गरेको | २५ | प्रकाशित अनुसन्धानमूलक लेख, पाठ्यपुस्तक, सन्दर्भ पुस्तक वा सन्दर्भ सामग्रीको प्रथम लेखकका निम्ती प्रतिलेख, पाठ्यपुस्तक, सन्दर्भ पुस्तक वा सन्दर्भ सामग्रीको २ अंक र सहलेखनको निम्ती प्रतिलेख सन्दर्भ सामग्रीको १ अंकले अधिकतम २५ अंक |
| ६ | कार्य योजना सहितको अवधारणा प्रस्ताव | निर्देशक पदको आवेदकले लिखित रूपमा आफ्नो पदीय भूमिका र कार्य योजना सहित पेस गरेको अवधारणा प्रस्ताव | २० | कार्य योजना सहितको अवधारणा प्रस्ताव २० अंक |
| ७ | कार्ययोजना सहितको अवधारणा प्रस्तावको प्रस्तुतीकरणतथा अन्तर्वार्ता | निर्देशक पदको आवेदकले लिखित रूपमा आफ्नो पदीय भूमिका र कार्ययोजना सहितको पेस गरेको अवधारणा प्रस्ताव उपर प्रस्तुतीकरण | ३० | कार्ययोजना सहितको अवधारणा प्रस्तावको प्रस्तुतीकरण ३० अङ्क |
| | | जम्मा पूर्णाङ्क | १५० | |

**१०. परीक्षा नियन्त्रक सिफारिसका न्यूनतम  योग्यता, आधार र मापदण्डः** परीक्षा नियन्त्रकको नियुक्ति तोकिएका मापदण्ड र सूचकहरुका आधारमा विश्वविद्यालयमा कार्यरत प्राध्यापक/सह प्राध्यापकहरु मध्येबाट पदाधिकारी सिफारिस समितिको सिफारिस बमोजिम रजिष्ट्रारले कार्यकारी परिषद्मा तीन जनाको नाम वर्णानुक्रम अनुसार प्रस्ताव गर्नेछ र कार्यकारी परिषद्ले उक्त तीन जनाको नाममध्ये कुनै एक जनालाई परीक्षा नियन्त्रकमा नियुक्त गर्नेछ । उक्त समिति समक्ष उम्मेदवारले आफ्नो कार्य योजना सहितको अवधारणा प्रस्ताव पेसगर्नु पर्ने छ । सिफारिस समितिले यसरी पेसभएका अवधारणा प्रस्तावको मूल्यांकन गर्ने/गराउने तथा उम्मेदवारले आफ्नो प्रस्ताव उक्त समिति समक्ष प्रस्तुतीकरण गर्नुपर्नेछ । उक्त पदमा रहने व्यक्तिहरुलाई उपकुलपति र कार्यकारी परिषद् प्रति उत्तरदायी र जवाफदेही बनाउदै देहाय अनुसारको योग्यता तथा अनुभव भएका व्यक्तिको नाम रजिष्ट्रारले कार्यकारी परिषद्मा पेस गर्नेछ ।

**(अ) परीक्षा नियन्त्रक सिफारिसको न्यूनतम  योग्यता :** परीक्षा नियन्त्रक पदको लागि आवश्यक न्यूनतम योग्यता देहाय बमोजिम निर्धारण गरिएको छ  :

(क) नेपाली नागरिक

(ख) मान्यता प्राप्त विश्वविद्यालयमा कम्तीमा १० वर्ष कार्य अनुभव भएको  प्राध्यापक/सहप्राध्यापक

(ग) प्राज्ञिक, आर्थिक तथा प्रशासन/व्यवस्थापन सम्बन्धी क्षेत्रमा काम गरेको अनुभव प्राप्त

(घ) पूर्ण कार्यकाल काम गर्नसक्ने गरी उमेरको हद बाँकी रहेको

(ङ) नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको

(च) विश्वविद्यालयसँग कुनै पनि व्यक्तिगत स्वार्थ नबाझिएको

(छ) बौद्धिक चोरीको विवादमा नपरेको

(ज) एकल वा प्रथम लेखकको रूपमा अनुसन्धानमूलक लेख, पाठ्यपुस्तक सन्दर्भपुस्तक वा सन्दर्भ सामग्री प्रकाशित गरेको

(झ) कुनै पनि शैक्षिक संस्थाहरुमा सम्बन्धित व्यक्तिको लगानी नभएको

**(आ) परीक्षा नियन्त्रक सिफारिसका आधार र मापदण्ड :** परीक्षा नियन्त्रक नियुक्तिको आधार, मापदण्ड र मूल्यांकनका लागि निर्धारण गरिएका अंङ्कभार देहाय बमोजिम रहने छन् ।

| परीक्षा नियन्त्रक छनोटका आधार र मापदण्ड | | | | |
|---|---|---|---|---|
| क्र.सं. | आधार | मापदण्ड | पूर्णाङ्क | पूर्णाङ्कको विस्तृतीकरण |
| १ | शैक्षिक योग्यता | शैक्षिक योग्यता वापत | २० | शैक्षिक योग्यता-२० अंङक |
| २ | क्षेत्रगत कार्य अनुभव | विश्वविद्यालय सेवामा रही उच्च शिक्षाको प्राध्यापन र अनुसन्धानको क्षेत्रमा कम्तीमा १० वर्ष कार्य अनुभव भएको | २० | ♣ प्रति वर्ष दुई आंकका दरले अधिकतम्  २० अंक |
| ३ | ♣ व्यवस्थापकीय/ | मान्यता प्राप्त विश्वविद्यालयको | १० | प्रति वर्ष २ अंकका दरले |

| | | | | |
|---|---|---|---|---|
| | प्रशासकीय कार्यअनुभव | पदाधिकारीमा रही व्यवस्थापकीय/प्रशासकीय अनुभव भएको | | अधिकतम १० अंक |
| ४ | कम्प्युटर तथा इन्टरनेट सम्बन्धी तालिम तथा अनुभव | परीक्षा सम्बन्धी सफ्टवेयर तथा टुल बारेमा तालिम तथा अनुभव | ५ | दुई हप्ताभन्दा माथि तालिम अवधि भएका तालिमका लागि प्रति तलिम २.५ अंकका दरले अधिकतम ५ अंक |
| ५ | शैक्षिक प्राज्ञिक अनुसन्धानमूलक परियोजना र प्रकाशन | शैक्षिक प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरु सफलतापूर्वक सम्पन्न गरेका | २५ | प्रतिअनुसन्धान परियोजनाको ५ अंकका दरले परियोजनामा आधारित प्रतिबेदन/प्रकाशन वाफत अधिकतम २५ अंक |
| ६ | लेख, पाठ्यपुस्तक, सन्दर्भ पुस्तक तथा सन्दर्भ सामग्री प्रकाशन | मान्यता प्राप्त इन्डेक्स वा पियर रिभ्यु जर्नलमा अनुसन्धानमूलक लेख, मान्यता प्राप्त प्रकाशकबाट पाठ्यपुस्तक, सन्दर्भ पुस्तक तथा सन्दर्भ सामग्री प्रकाशन गरेको | २० | प्रकाशित अनुसन्धान मूलक लेख, पाठ्यपुस्तक, सन्दर्भ पुस्तक वा सन्दर्भ सामग्रीको प्रथम लेखकका निम्ती प्रतिलेख, पाठ्यपुस्तक, सन्दर्भ पुस्तक वा सन्दर्भ सामग्रीको २ अंक र सहलेखनको निम्ती प्रतिलेख सन्दर्भ सामग्रीको १ अंकले अधिकतम २० अंक |
| ७ | कार्य योजना सहितको अवधारणा प्रस्ताव पत्र | परीक्षा नियन्त्रक पदको आवेदकले लिखित रुपमा आफ्नो पदीय भूमिका र कार्ययोजना सहित पेस गरेको अवधारणा प्रस्ताव | २० | कार्ययोजना सहितको अवधारणा प्रस्ताव २० अंक |
| ८ | कार्ययोजना सहितको अवधारणा प्रस्तावको प्रस्तुतीकरण तथा अन्तर्वार्ता | परीक्षा नियन्त्रक पदका आवेदकले लिखित रुपमा आफ्नो पदीय भूमिका र कार्य योजना सहितको पेस गरेको अवधारणा प्रस्ताव उपर प्रस्तुतीकरण | ३० | कार्ययोजना सहितको अवधारणा प्रस्तावको प्रस्तुतीकरण ३० अंक |
| | | जम्मा पूर्णाङ्क | १५० | |

**११. सहपरीक्षा नियन्त्रक सिफारिसको न्यूनतम  योग्यता, आधार र मापदण्ड :** सह परीक्षा नियन्त्रक नियुक्तिका लागि तोकिएका मापदण्ड र सुचकहरुका आधारमा विश्वविद्यालयमा अध्यापनरत व्यक्तिहरु मध्येबाट पदाधिकारी सिफारिस समितिको सिफारिस बमोजिम रजिष्ट्रार मार्फत कार्यकारी परिषद्मा पेस हुनेछ । उक्त समिति समक्ष सहपरीक्षा नियन्त्रकको उम्मेदवारले आफ्नो कार्ययोजना सहितको अवधारणा प्रस्ताव पेस गर्नुपर्ने छ । सिफारिस समितिले यसरी पेसभएका अवधारणा प्रस्तावको मूल्यांकन गर्ने/गराउने तथा उम्मेदवारले आफ्नो अवधारणा प्रस्ताव उक्त समिति समक्ष प्रस्तुतीकरण गर्नु पर्ने छ । समितिले उक्त पदका लागि वर्णानुक्रम अनुसार तीन जना योग्य उम्मेदवारहरुलाई सम्बन्धित निकायमा सिफारिस गर्नेछ । उक्त पदमा रहने व्यक्तिहरूलाई निम्न लिखित योग्यता तथा अनुभव भएका व्यक्तिलाई कार्यकारी परिषद्ले नियुक्ति गर्न सक्नेछ ।

**(अ) सहपरीक्षा नियन्त्रक सिफारिसका न्यूनतम  योग्यता :** सह परीक्षा नियन्त्रक पदको लागि आवश्यक न्यूनतम योग्यता देहाय बमोजिम निर्धारण गरिएको छ  :

(क) नेपाली नागरिक

♣ (ख) सुदूरपश्चिम विश्वविद्यालय  सेवामा रही कम्तीमा १० वर्ष प्राध्यापक/सहप्राध्यापक/उपप्राध्यापक पदमा कार्य गरेको

(ग) प्राज्ञिक, आर्थिक तथा प्रशासन/व्यवस्थापन सम्बन्धी क्षेत्रमा काम गरेको अनुभव प्राप्त

(घ) पूर्ण कार्यकाल काम गर्न सक्ने गरी उमेरको हद बाँकी रहेको

(ङ) नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको

(च) विश्वविद्यालयसँग कुनै पनि व्यक्तिगत स्वार्थ नबाझिएको

(छ) बौद्धिक चोरीको विवादमा नपरेको

(ज) एकल वा प्रथम लेखकको रूपमा अनुसन्धानमूलक लेख, पाठ्यपुस्तक सन्दर्भपुस्तक वा सन्दर्भ सामग्री प्रकाशित गरेको

(झ) कुनै पनि निजी शैक्षिक संस्थाहरुमा सम्बन्धित व्यक्तिको लगानी नभएको[द्ध]

---

♣ [4]सुदूरपश्चिम विश्वविद्यालय पदाधिकारी छनोटका आधार, मापदण्ड र सिफारिस सम्बन्धी कार्यविधि,  २०८१ मा पहिलो संशोधन २०८३

**(आ) सहपरीक्षा नियन्त्रक सिफारिसका आधार र मापदण्ड :** सहपरीक्षा नियन्त्रक नियुक्तिका आधार, मापदण्ड र मूल्यांकनका लागि निर्धारण गरिएका अंङ्कभार देहाय बमोजिम रहने छन ।

| सहपरीक्षा नियन्त्रक छनोटका आधार र मापदण्ड | | | | |
|---|---|---|---|---|
| क्र.सं. | आधार | मापदण्ड | पूर्णाङ्क | पूर्णाङ्कको विस्तृतीकरण |
| १ | शैक्षिक योग्यता | शैक्षिक योग्यता वापत | २० | शैक्षिक योग्यता-२० अंङक |
| २ | ♣ क्षेत्रगत कार्य अनुभव | विश्वविद्यालय सेवामा रही उच्च शिक्षाको प्राध्यापन र अनुसन्धानको क्षेत्रमा कम्तीमा पनि १० वर्षको कार्य अनुभव भएको | २० | प्रति वर्ष दुई अंकका दरले अधिकतम २० अंक |
| ३ | ♣ व्यवस्थापकीय/ प्रशासकीय कार्यअनुभव | मान्यता प्राप्त विश्वविद्यालयको पदाधिकारीमा रही व्यवस्थापकीय/प्रशासकीय अनुभव भएका | १० | प्रति वर्ष २ अंकका दरले अधिकतम १० अंक |
| ४ | कम्प्युटर तथा इन्टरनेट सम्बन्धी तालिम तथा अनुभव | परीक्षा सम्बन्धी सफ्टवयर तथा टुल सम्बन्धी तालिम तथा अनुभव | ५ | दुईहप्ता भन्दा माथि तालिम अवधि भएका तालिमका लागि प्रति तालिम २.५ अंकका दरले अधिकतम ५ अंक |
| ५ | शैक्षिक-प्राज्ञिक अनुसन्धानमूलक परियोजना र प्रकाशन | शैक्षिक-प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरू सफलतापूर्वक सम्पन्न गरेका | २५ | प्रतिअनुसन्धान परियोजना प्रतिवेदनका ५ अंकका दरले परियोजनामा आधारित प्रकाशनका लागि अधिकतम २५ अंक |
| ६ | लेख, पाठयपुस्तक, सन्दर्भ पुस्तक तथा सन्दर्भ सामग्री प्रकाशन | मान्यता प्राप्त अनुसन्धानमूलक इण्डेक्स्ड वा पियर रिभ्यु जर्नलमा अनुसन्धानमूलकलेख, मान्यता प्राप्त प्रकाशकबाट पाठ्यपुस्तक, सन्दर्भ पुस्तक तथा सन्दर्भ सामग्री प्रकाशन गरेको | २० | प्रकाशित अनुसन्धानमूलक लेख, पाठ्यपुस्तक, सन्दर्भ पुस्तक वा सन्दर्भ सामग्रीको प्रथम लेखकका निम्ती प्रतिलेख , पाठ्यपुस्तक, सन्दर्भ पुस्तक वा सन्दर्भ सामग्रीका २ अंक र सह लेखनको निम्ती प्रतिलेख सन्दर्भ सामग्रीको |

| | | | | |
|---|---|---|---|---|
| | | | | १ अंकले अधिकतम २० अंक |
| ७ | कार्य योजना सहितको अवधारणा प्रस्ताव पत्र | सहपरीक्षा नियन्त्रक पदको आवेदकले लिखित रुपमा आफ्नो पदीय भूमिका र कार्ययोजना सहित पेस गरेको अवधारणा प्रस्ताव | २० | कार्ययोजना सहितको अवधारणा प्रस्ताव २० अंक |
| ८ | कार्ययोजना सहितको अवधारणा प्रस्तावको प्रस्तुतीकरण तथा अन्तर्वार्ता | सहपरीक्षा नियन्त्रक पदका आवेदकले लिखित रूपमा आफ्नो पदीय भूमिका र कार्य योजना सहित पेस गरेको अवधारणा प्रस्ताव उपर प्रस्तुतीकरण | ३० | कार्ययोजना सहितको अवधारणा प्रस्तावको प्रस्तुतीकरण ३० अङ्क |
| | | जम्मा पूर्णाङ्क | १५० | |

**१२. प्रिन्सिपल/प्राचार्य सिफारिसका योग्यता, आधार र मापदण्ड :** प्रिन्सिपल/प्राचार्य नियुक्ति प्रक्रियाका मापदण्ड र सूचकहरुका आधारमा विश्वविद्यालयमा प्राध्यापनरत व्यक्तिहरुमध्येबाट पदाधिकारी सिफारिससमितिको सिफारिस बमोजिम कार्यकारी परिषदमा पेस गर्नु पर्नेछ। उक्त समिति समक्ष प्रिन्सिपल/प्राचार्यको उम्मेदवारले आफ्नो कार्य योजना सहितको अवधारणा प्रस्ताव पेस गर्नुपर्नेछ । यसरी पेसभएको अवधारणाप्रश्तावको मूल्यांकनगर्ने गराउने तथा उम्मेदवारले आफ्नो प्रस्ताव उक्त समिति समक्ष प्रस्तुतीकरणगर्नु पर्नेछ। उक्त पदमा योग्य तीन व्यक्तिहरुलई वर्णानुक्रम अनुसार कार्यकारी परिषद्मा सिफारिस गरिनेछ। कार्यकारी परिषद्ले एक जनालाई नियुक्त गर्न सक्नेछ। प्रिन्सिपल/प्राचार्य छनोटलाई पारदर्शी, योग्यतामा आधारित र विवाद रहित बनाउनका लागि शैक्षिक योग्यता, कार्य अनुभव, जेष्ठता व्यवस्थापकीय क्षमता, प्राज्ञिक अनुसन्धान र अवधारणापत्र तथा कार्ययोजनाको प्रस्तुतिकरणलाई आधार मानिएको छ ।

**अ) प्रिन्सिपल/प्राचार्य सिफारिसका न्यूनतम योग्यता :** प्रिन्सिपल/प्राचार्य पदको लागि आवश्यक न्यूनतम योग्यता देहाय बमोजिम निर्धारण गरिएको छ ।

(क) नेपाली नागरिक

(ख) सुदूरपपशि्चम विश्वविद्यालय केन्द्रीय क्याम्पसमा कम्तीमा पनि १० वर्ष सेवा अनुभव भएका विश्वविद्यालय केन्दीय क्याम्पसको प्राध्यापक/सहप्राध्यापक/उपप्राध्यापक

(ग) प्राज्ञिक, आर्थिक तथा प्रशासन/व्यवस्थापन सम्बन्धी क्षेत्रमा काम गरेको अनुभव प्राप्त

(घ) पूर्ण कार्यकाल काम गर्न सक्ने गरी उमेरको हद बाँकी रहेको

(ङ) नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको

(च) विश्वविद्यालयसँग कुनै पनि संस्थागत स्वार्थ नबाझिएको

(छ) बौद्धिक चोरीको विवादमा नपरेको

(ज) एकल वा प्रथम लेखकको रूपमा अनुसन्धानमूलक लेख, पाठ्यपुस्तक सन्दर्भपुस्तक वा सन्दर्भ सामग्री प्रकाशित गरेको

(झ) कुनै पनि निजी शैक्षिक संस्थाहरुमा सम्बन्धित व्यक्तिको लगानी नभएको

**आ) प्रिन्सिपल/प्राचार्य सिफासिका आधार र मापदण्ड :** प्रिन्सिपल/प्राचार्यको नियक्तिका आधार, मापदण्ड र मूल्यांकनका लागि निर्धारण गरिएका अंकभार देहाय बमोजिम हुनेछ।

| प्रिन्सिपल/प्राचार्य छनोटका आधार र मापदण्ड | | | | |
|---|---|---|---|---|
| क्र.सं. | आधार | मापदण्ड | पूर्णाङ्क | पूर्णाङ्कको विस्तृतीकरण |
| १ | शैक्षिक योग्यता | शैक्षिक योग्यता वाफत | २० | शैक्षिक योग्यता-२० अंङक |
| २ | क्षेत्रगत कार्य अनुभव | विश्वविद्यालय सेवामा रही उच्च शिक्षाको प्राध्यापन र अनुसन्धानको क्षेत्रमा कम्तीमा पनि १० वष कार्य अनुभव भएको | २० | ♣ प्रति वर्ष दुई अंकका दरले अधिकतम २० अंक |
| ३ | ♣ व्यवस्थापकीय/ प्रशासकीय कार्यअनुभव | मान्यता प्राप्त विश्वविद्यालयको पदाधिकारीमा रही व्यवस्थापकीय/प्रशासकीय अनुभव भएको | १० | प्रति वर्ष २ अंकका दरले अधि( कतम १० अंक |
| ४ | शैक्षिक-प्राज्ञिक अनुसन्धानमूलक परियोजना र प्रतिवेदन | शैक्षिक-प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरू सफलतापूर्वक सम्पन्न गरेको | २५ | अनुसन्धान परियोजना प्रति प्रतिवेदनको ५ अंकका दरले परियोजनामा आधारित प्रकाशनको अधिकतम् २५ अंक |
| ५ | लेख, पाठयपुस्तक, सन्दर्भ पुस्तक तथा सन्दर्भ सामग्री | मान्यता प्राप्त अनुसन्धानमूलक इन्डेक्स वा पियररिभ्यु जर्नलमा अनुसन्धानमूलक लेख, मान्यता प्राप्त प्रकाशकबाट पाठ्यपुस्तक, सन्दर्भ पुस्तक तथा सन्दर्भ सामग्री प्रकाशन गरेको | २५ | प्रकाशित अनुसन्धानमूलक लेख, पाठ्यपुस्तक, सन्दर्भ पुस्तक वा सन्दर्भ सामग्रीको प्रथम लेखकका निम्ती प्रतिलेख, पाठ्यपुस्तक, सन्दर्भ पुस्तक वा सन्दर्भ सामग्रीको २ अंक र सहलेखनको निम्ती प्रतिलेख सन्दर्भ सामग्रीको |

| | | | | |
|---|---|---|---|---|
| | | | | १ अंकले अधिकतम २५ अंक |
| ६ | कार्य योजना सहितको अवधारणा प्रस्ताव | प्रिन्सिपल/प्राचार्य पदको आवेदकले लिखित रूपमा आफ्नो पदीय भूमिका र कार्ययोजना सहित पेस गरेको अवधारणा प्रस्ताव | २० | कार्य योजना सहितको अवधारणा प्रस्ताव २० अंक |
| ७ | कार्ययोजना सहितको अवधारणा प्रस्तावको प्रस्तुतीकरण तथा अन्तर्वार्ता | प्रिन्सिपल/प्राचार्य पदको आवेदकले लिखित रुपमा आफ्नो पदीय भूमिका र कार्ययोजना सहित पेस गरेको अवधारणा प्रस्ताव उपर प्रस्तुतीकरण | ३० | कार्य योजना सहितको अवधारणा प्रस्तावको प्रस्तुतीकरण ३० अङ्क |
| | | जम्मा पूर्णाङ्क | १५० | |

**१३. क्याम्पस प्रमुख सिफारिसको योग्यता, आधार र मापदण्ड :** क्याम्पस प्रमुख नियुक्ति तोकिएका मापदण्ड र सूचकहरुका आधारमा शिक्षण सेवामा कार्यरत व्यक्तिहरु मध्येबाट पदाधिकारी सिफारिस समितिको सिफारिस बमोजिम कार्यकारी परिषद्ले गर्नेछ । उक्त समिति समक्ष क्याम्पस प्रमुखको उम्मेदवारले आफ्नो कार्य योजना सहितको अवधारणा प्रस्ताव पेस गर्नुपर्ने छ । यसरी पेस भएको अवधारणा प्रस्तावको मूल्यांकन गर्ने गराउने तथा उम्मेदवारले आफ्नो प्रस्ताव उक्त समिति समक्ष प्रस्तुतीकरणगर्नुपर्नेछ । समितिले उक्त पदका लागि वर्णानुक्रम अनुसार तीन जना योग्य उम्मेदवारहरुलाई सम्बन्धित निकायमा सिफारिस गर्नेछ । उक्त पदमा रहने व्यक्तिहरुलाई देहाय अनुसारको योग्यता तथा अनुभवका आधारमा कार्यकारी परिषद्ले नियुक्ति गर्न सक्नेछ । क्याम्पस प्रमुख सिफारिसलाई पारदर्शी योग्यतामा आधारित र विवादरहित बनाउनका लागि शैक्षिक योग्यता, कार्य अनुभव, जेष्ठता, व्यवस्थापकीय क्षमता, प्राज्ञिक अनुसन्धान र सोको प्रकाशनलाई आधार मानिएको छ ।

**(अ) क्याम्पस प्रमुख सिफारिसका न्यूनतम योग्यता :** क्याम्पस प्रमुख पदको लागि आवश्यक न्यूनतम् योग्यता देहायबमोजिम निर्धारण गरिएको छ :

(क) नेपाली नागरिक ।

♣ (ख)कम्तीमा पनि १० वर्ष सेवा अनुभव भएको सम्बन्धित क्याम्पसका स्थायीप्राध्यापक/सहप्राध्यापक/उपप्राध्यापक

(ग) प्राज्ञिक, आर्थिक तथा प्रशासन व्यवस्थापन सम्बन्धी क्षेत्रमा काम गरेको अनुभव प्राप्त ।

(घ) पूर्ण कार्यकाल काम गर्नसक्ने गरी उमेरको हद बाँकी रहेको ।

(ङ) नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको ।

(च) विश्वविद्यालयसँग कुनै पनि संस्थागत स्वार्थ नबाझिएको ।

(छ) बौद्धिक चोरीको विवादमा नपरेको ।

(ज) कुनै पनि निजी शैक्षिक संस्थाहरुमा सम्बन्धित व्यक्तिको लगानी नभएको ।

**(आ) क्याम्पस प्रमुख सिफारिसका आधार र मापदण्ड :** क्याम्पस प्रमुखको नियुक्तिको आधार, मापदण्ड र मूल्याङ्कनका लागि निर्धारण गरिएका अङ्कभार देहायबमोजिम गरिएको छ ।

| क्याम्पस प्रमुख छनोटका आधार र मापदण्ड | | | | |
|---|---|---|---|---|
| क्र.सं. | आधार | मापदण्ड | पूर्णाङ्क | पूर्णाङ्को विस्तृतीकरण |
| १. | शैक्षिक योग्यता | शैक्षिक योग्यता वाफत | २० | शैक्षिक योग्यता-२० अङ्क |
| २. | ♣ क्षेत्रगत कार्यानुभव | कम्तिमा १० वर्ष विश्वविद्यालयल सेवामा रही उच्च शिक्षाको प्राध्यापन र अनुसन्धानको क्षेत्रमा कार्यअनुभव भएको | २० | प्रति वर्ष दुई अंका दरले अधिकतम २० अङ्क |
| ३. | ♣ व्यवस्थापकीय/प्रशासकीय कार्यानुभव | मान्यता प्राप्त विश्वविद्यालयको पदाधिकारीमा रही व्यवस्थापकीय/प्रशासकीय अनुभव भएको | १० | प्रति वर्ष २ अंकका दरले अधिकतम १० अंक |
| ४. | शैक्षिक-प्राज्ञिक अनुसन्धानमूलक परियोजना र प्रतिवेदन | शैक्षिक-प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरु सफलता पूर्वक सम्पन्न गरेको | २५ | प्रति अनुसन्धान परियोजना प्रतिवेदनको ५ अंकका दरले परियोजनामा आधारित प्रकाशनको अधिकतम २५ अंक |
| ५. | लेख, पाठयपुस्तक, सन्दर्भपुस्तक तथा सन्दर्भ सामग्री | मान्यता प्राप्त अनुसन्धानमूलक इन्डेक्स वा पियररिभ्यु जर्नलमा अनुसन्धानमूलक लेख, मान्यता प्राप्त प्रकाशकबाट पाठयपुस्तक, सन्दर्भपुस्तक तथा सन्दर्भ सामग्री | २५ | प्रकाशित अनुसन्धानमूलक लेख, पाठयपुस्तक, सन्दर्भपुस्तक वा सन्दर्भ सामग्रीको प्रथम लेखनका निम्ति प्रति लेख, पाठयपुस्तक, सन्दर्भ पुस्तक वा सन्दर्भ सामग्रीको २ अङ्क र |

| | | | | |
|---|---|---|---|---|
| | | प्रकाशन गरेका | | सहलेखकको निम्ति प्रति लेख/सन्दर्भ सामग्रीको १ अङ्कले अधिकत्म २५ अङ्क |
| ६. | कार्य योजना सहितको अवधारणा प्रस्ताव | क्याम्पस प्रमुख पदको आवेदकले लिखित रुपमा आफ्नो पदीय भूमिका र कार्ययोजना सहित पेस गरेको अवधारणा प्रस्ताव | २० | कार्ययोजना सहितको अवधारणा प्रस्ताव २० अङ्क |
| ७. | कार्ययोजना सहितको अवधारणा प्रस्तावको उपर प्रस्तुतीकरण तथा अन्तर्वार्ता | क्याम्पस प्रमुख पदको आवेदकले लिखित रुपमा आफ्नो पदीय भूमिका र कार्ययोजना सहित पेस गरेको अवधारणा प्रस्ताव प्रस्तुतीकरण | ३० | कार्य योजना सहितको अवधारणा प्रस्तावको प्रस्तुतीकरण ३० अङ्क |
| | | जम्मा पूर्णाङ्क | १५० | |

**१४. केन्द्रीय विभाग/स्कुल प्रमुख सिफारिसका योग्यता, आधार र मापदण्ड :** केन्द्रीय विभाग/स्कुल प्रमुख नियुक्ति तोकिएका मापदण्ड र सूचकहरुका आधारमा प्राध्यापनरत व्यक्तिहरु मध्येबाट पदाधिकारी सिफारिस समितिको सिफारिस बमोजिम कार्यकारी परिषद्ले गर्नेछ । उक्त समिति समक्ष विभाग/स्कुल प्रमुखको उमेदवारले आफ्नो कार्य योजना सहितको अवधारणा प्रस्ताव पेस गर्नुपर्ने छ । यसरी पेस भएको अवधारणा प्रस्तावको मूल्यांकन गर्ने/गराउने तथा उमेदवारले आफ्नो प्रस्ताव उक्त समिति समक्ष प्रस्तुतीकरण गर्नुपर्नेछ । समितिले उक्त पदका लागि वर्णानुक्रम अनुसार तीन जना योग्य उम्मेदवारहरुलाई सम्बन्धित निकायमा सिफारिस गर्नेछ । उक्त पदमा रहने व्यक्तिहरुलाई देहायअनुसारको योग्यता तथा अनुभवका आधारमा कार्यकारी परिषद्ले नियुक्ति गर्न सक्नेछ । विभाग/स्कुल प्रमुख छनोटलाई पारदर्शी, योग्यतामा आधारित र विवादरहित बनाउनका लागि शैक्षिक योग्यता, कार्य अनुभव, जेष्ठता, व्यवस्थापकीय क्षमता, प्राज्ञिक अनुसन्धान र सोको प्रकाशनलाई आधार मानिएको छ ।

(अ) **विभाग/स्कुल प्रमुख सिफारिसका न्यूनतम योग्यता :** विभाग/स्कुल प्रमुख पदको लागि आवश्यक न्यूनतम् योग्यता देहाय बमोजिम निर्धारण गरिएको छ ।

(क) नेपाली नागरिक ।

(ख) सुदूरपश्चिम विश्वविद्यालयमा कम्तीमा पनि ५ वर्ष सेवा गरेको सम्बन्धित विभाग/स्कुलको स्थायी प्राध्यापक/सहप्राध्यापक/उपप्राध्यापक ।

(ग) प्राज्ञिक, आर्थिक तथा प्रशासन/व्यवस्थापन सम्बन्धी क्षेत्रमा कामगरेको अनुभव प्राप्त ।

(घ) पूर्ण कार्यकाल काम गर्न सक्ने गरी उमेरको हद बाँकी रहेको ।

(ङ) नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको ।

(च) विश्वविद्यालयसँग कुनै पनि संस्थागत स्वार्थ नबाझिएको ।

(छ) बौद्धिक चोरीको विवादमा नपरेको ।

(ज) एकल वा प्रथम लेखकको रुपमा अनुसन्धानमूलक लेख, पाठयपुस्तक, सन्दर्भपुस्तक वा सन्दर्भ सामग्री प्रकाशित गरेको ।

(झ) कुनै पनि निजी शैक्षिक संस्थाहरुमा सम्बन्धित व्यक्तिको लगानी नभएको

**(आ) केन्द्रीय विभाग/स्कुल प्रमुख सिफारिसका आधार र मापदण्ड :** केन्द्रीय विभाग/स्कुल प्रमुखको नियुक्तिको आधार, मापदण्ड र मूल्याङ्कनका लागि देहायबमोजिम अङ्कभार निर्धारण गरिएको छ ।

| केन्द्रीय विभाग/स्कुल प्रमुख सिफारिसका आधार र मापदण्ड | | | | |
|---|---|---|---|---|
| क्र.सं. | आधार | मापदण्ड | पूर्णाङ्क | पूर्णाङ्को विस्तृतीकरण/अङ्क विभाजन |
| १. | शैक्षिक योग्यता | शैक्षिक योग्यता वापत | २० | शैक्षिक योग्यता-२० अङ्क |
| २. | क्षेत्रगत कार्यानुभव | विश्वविद्यालय/क्याम्पस सेवामा रही उच्च शिक्षाको प्राध्यापन र अनुसन्धानको क्षेत्रमा कार्यअनुभव भएको | २० | विश्वविद्यालय सेवामा रही उच्च शिक्षाको प्राध्यापन र अनुसन्धानको क्षेत्रमा काम गरेको प्रत्येक वर्षको दिइने अङ्कका दरले अधिकत्म २० अङ्क |
| ३. | व्यवस्थापकीय /प्रशासकीय कार्यानुभव | विश्वविद्यालयले तोकेको जिम्मेवारीमा रही सम्बन्धित विभाग तथा स्कुलको व्यवस्थापकीय /प्रशासकीय पदमा कम्तीमा एक कार्यकाल पूरा समय काम गरेको | १० | हरेक एक पदमा एक कार्यकालको लागि ५ अङ्कका दरले अधिकतम १० |
| ४. | शैक्षिक-प्राज्ञिक अनुसन्धानमूलक परियोजना र प्रकाशन | शैक्षिक-प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरु सफलता पूर्वक सम्पन्न गरेको | २५ | प्रति अनुसन्धान परियोजना प्रतिवेदनको ५ अंकका दरले परियोजनामा आधारित प्रकाशनलाई अधिकतम २५ अंक |

| | | | | |
|---|---|---|---|---|
| ५. | लेख, पाठयपुस्तक, सन्दर्भपुस्तक तथा सन्दर्भ सामग्री | मान्यता प्राप्त अनुसन्धानमूलक इन्डेक्स वा पियररिभ्यु जर्नलमा अनुसन्धानमूलक लेख, मान्यता प्राप्त प्रकाशकबाट पाठयपुस्तक, सन्दर्भपुस्तक तथा सन्दर्भ सामग्री प्रकाशन गरेका | २५ | प्रकाशित अनुसन्धानमूलक लेख, पाठयपुस्तक, सन्दर्भपुस्तक वा सन्दर्भ सामग्रीको प्रथम लेखकका निम्ति प्रतिलेख, पाठयपुस्तक, सन्दर्भ पुस्तक वा सन्दर्भ सामग्रीको २ अङ्क र सहलेखनको निम्ति प्रतिलेख/सन्दर्भ सामग्रीको १ अङ्कले अधिकत्म २५ अङ्क |
| ६. | कार्य योजना सहितको अवधारणा प्रस्ताव | विभाग/स्कुल प्रमुख पदको आवेदकले लिखित रुपमा आफ्नो पदीय भूमिका र कार्ययोजना सहित पेस गरेको अवधारणा प्रस्ताव | २० | कार्ययोजना सहितको अवधारणा प्रस्ताव २० अङ्क |
| ७. | कार्ययोजना सहितको अवधारणा प्रस्तावको प्रस्तुतीकरण तथा अन्तर्वार्ता | विभाग/स्कुल प्रमुख पदको आवेदकले लिखित रुपमा आफ्नो पदीय भूमिका र कार्ययोजना सहित पेसगरेको अवधारणा प्रस्ताव प्रस्तुतीकरण | ३० | कार्ययोजना सहितको अवधारणा प्रस्तावको प्रस्तुतीकरण ३० अङ्क |
| | | जम्मा पूर्णाङ्क | १५० | |

**१५ सहायक क्याम्पस प्रमुख-** क्याम्पसका सहायक क्याम्पस प्रमुख नियुक्ति गर्दा सम्बन्धित क्याम्पस प्रमुखले विशिष्टता तथा जेष्ठताका आधारमा सिफारिस गरेका उम्मेदवारलाई विश्वविद्यालय कार्यकारी परिषद्ले नियुक्त गर्नेछ ।

द्रष्टव्यः यो कार्यविधि लागु हुनु पूर्व नियुक्ति प्रक्रिया सुरु भई सकेका पदाधिकारीहरुको हकमा यो कार्यविधि लागु हुने छैन ।

**१६ पूर्णाङ्क विभाजन सम्बन्धमा अन्य व्यवस्था :** पदाधिकारी नियुक्तिको लागि प्रतियोगितामा सम्मिलित हुन न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुको पूर्णाङ्क विभाजन देहाय बमोजिम हुनेछ ।

(क) शैक्षिक योग्यताको अङ्क विभाजन सम्बन्धमा अनुसूची १ बमोजिम ।

(ख) प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरु तथा कृति प्रकाशनका सम्बन्धमा अनुसूची २ बमोजिम ।

(ग) शिक्षण सेवा अवधि (कार्य अनुभव) सम्बन्धमा अनुसूची ३ बमोजिम

(घ) कार्य योजना सहितको अवधारणा प्रस्ताव मूल्याङ्कन सम्बन्धमा अनुसूची ४ बमोजिम ।

(ङ) कार्य योजना सहितको अवधारणा प्रस्तावको प्रस्तुतीकरण सम्बन्धमा अनुसूची ५ बमोजिम ।

## परिच्छेद् - ५

## सिफारिस सम्बन्धी अन्य व्यवस्था

**१७ योग्यताक्रमको सूची तथा सिफारिस सम्बन्धी व्यवस्था**

(क) उम्मेदवारहरुले विभिन्न आधार/शीर्षकमा प्राप्त गरेको प्राप्ताङ्कको तालिकीकरण गरी योग्यताक्रमको सूची तयार गरिनेछ । योग्यताक्रमको आधारमा उक्त सूचीबाट ५ जना आवेदकको नाम प्रकाशित गरे पश्चात पेस गरेको प्रस्तावको प्रस्तुतिकरण तथा अन्तर्वार्ताको आधारमा तीन जनाको नाम वर्णानुक्रम अनुसार सिफारिस गरिनेछ ।

(ख) तोकिएको मापदण्ड अनुसारको आवेदन नपरेको खण्डमा विज्ञापन भएका पदहरु कार्यकारी परिषद्‌को निर्णय बमोजिम नियुक्त गरिनेछन ।

द्रष्टव्यः सहायक डीन तथा सहपरीक्षा नियन्त्रक सिफारिससमिति क्रमशः सम्बन्धित डीन तथा परीक्षा नियन्त्रकको संयोजकत्वमा गठित तीन सदस्यिय समितिले गर्नेछ ।

♣ (ग) झिकिएको

**१८ सिफारिस बदर हुने व्यवस्था**

(क) प्रतियोगितामा सम्मिलित कुनै उम्मेदवारले नतिजालाई प्रभावित पार्ने गरी झुठ्ठा विवरण दिई सिफारिस भएको पाइएमा निजको सिफारिस/नियुक्ति स्वतः रद्द हुनेछ ।

(ख) उम्मेदवारको मूल्याङ्कन तालिकामा कुनै भूलचुक भई पहिले सिफारिस वा नियुक्ति समेत भइसकेको कुनै उम्मेदवार सिफारिस वा नियुक्ति हुन नसक्ने अवस्था प्रमाणित हुन आएमा कार्यकारी परिषद्‌ले त्यस्ता उम्मेदवारको नियुक्ति बदर गर्न सक्नेछ ।

(ग) प्रतियोगितामा सम्मिलित हुन आवेदन दिएका कुनै उम्मेदवारले अन्तिम नतिजा प्रकाशन हुनुपूर्व नै राजिनामा दिएमा वा कुनै पनि कारणले विश्वविद्यालय सेवाबाट अवकाश पाएमा त्यस्ता उम्मेदवारको आवेदन फाराम तथा सिफारिस भईसकेको भए त्यस्तो सिफारिस समेत स्वतः रद्द हुनेछ ।[छ]

---

♣ [5]सुदूरपश्चिम विश्वविद्यालय पदाधिकारी छनोटका आधार, मापदण्ड र सिफारिस सम्बन्धी कार्यविधि, २०८१ मा पहिलो संशोधन २०८३

## परिच्छेद् - ६

## विविध

**१९ मर्यादा कायम गर्नु पर्ने :** प्रतियोगितामा सम्मिलित कुनै उम्मेदवारले झुट्ठा विवरण दिएमा वा कुनै अनियमित कार्य वा मर्यादा भङ्ग गरेमा पदाधिकारी सिफारिस समितिले निजको सो विज्ञापनमा परेको आवेदन फाराम लगायतका सबै कुरा रद्द गरी त्यस्तो उम्मेदवारलाई निजको कसुर हेरी विश्वविद्यालयबाट लिइने कुनै पनि पदीय प्रतियोगितामा कुनै खास अवधिको लागि (बढीमा पाँच वर्षसम्म) भाग लिन नपाउने गरी कार्यकारी परिषद्ले अयोग्य घोषित गर्न सक्नेछ ।

**२० व्याख्या गर्ने र बाधा अड्काउ फुकाउने व्यवस्था**

(क) सुदूरपश्चिम विश्वविद्यालय, पदाधिकारी सिफारिसका आधार, मापदण्ड र सिफारिस सम्बन्धी कार्यविधि, २०८१ मा स्पष्ट उल्लेख भएको व्यवस्था बाहेक अन्यको हकमा सुदूरपश्चिम विश्वविद्यालय, कार्यकारी परिषदले निर्णय गरे बमोजिम हुनेछ ।

(ख) यो कार्यविधिको अन्तिम व्याख्या गर्ने र बाधा अड्काउ फुकाउने अधिकार सुदूरपश्चिम विश्वविद्यालय, कार्यकारी परिषद्लाई हुनेछ ।

## अनुसूची - १

### शैक्षिक योग्यताको अङ्क विभाजन र अन्य व्यवस्था

१. पदाधिकारी सिफारिसका आधार, मापदण्ड र सिफारिस सम्वन्धी खुल्ला प्रतियोगिताको प्रयोजनार्थ यस सुदूरपश्चिम विश्वविद्यालय, पदाधिकारी सिफारिसका आधार, मापदण्ड र सिफारिस सम्बन्धी कार्यविधि, २०८१ मा स्पष्ट उल्लेख भए अनुसार हुनेछ ।

द्रष्टव्य : स्नातकोत्तरमा ७५ प्रतिशत वा सोभन्दा बढी अङ्क ल्याएकोलाई विशिष्ट श्रेणी मानिने छ ।

२. शैक्षिक योग्यताको सम्वन्धमा अन्य व्यवस्था

(क) पदाधिकारीका लागि आवेदन दिने उम्मेदवारले आफ्नो सम्पूर्ण शैक्षिक योग्यताको लागि यसै अनुसूचीमा उल्लेख भए बमोजिम अङ्क पाउनेछ ।

| शैक्षिक योग्यता | विशिष्ट श्रेणी | प्रथम श्रेणी | द्वितीय श्रेणी |
|---|---|---|---|
| स्नात्तकोत्तर | ८ | ७ | ६ |
| एमफिल/विद्यावारिधि | ६/१२ | | |
| अधिकतम जम्मा अङ्क | २० | | |

(ख) स्नातकपछि स्नातकोत्तर तह उत्तीर्ण नगरी सिधै सम्वन्धित विषयमा विद्यावारिधि गर्नेहरुको हकमा स्नात्तकोत्तर तह र विद्यावारिधि दुवै उपाधिको अङ्क प्रदान नगरी केवल विद्यावारिधि को मात्र अङ्क प्रदान गरिनेछ ।

(ग) कुनै श्रेणी नखुलेको शैक्षिक योग्यता वा उपाधिलाई द्बितीय श्रेणी अङ्क दिइनेछ ।

(घ) भिन्न विषयको समान तहको एक भन्दा बढी शैक्षिक योग्यता वा उपाधि हासिल गरेको भए ती मध्ये आवेदित एक शैक्षिक योग्यता वा उपाधिको मात्र अङ्क दिइनेछ ।

(ङ) विज्ञापन प्रकाशित हुनुभन्दा पहिलेको मितिसम्म पूरा नभएका तथा आवेदन फाराममा उल्लेख नभएका शैक्षिक उपाधिहरुको अङ्क दिइनेछैन ।

(च) सुदूरपश्चिम विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालय बाहेक अन्य विश्वविद्यालयबाट प्राप्त गरेको शैक्षिक उपाधि , श्रेणी वा ग्रेड समेत खुलेको नेपालको आधिकारीक निकायबाट मान्यता भएको समकक्षताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पनि पेस गर्नुपर्ने छ । समकक्षता प्रमाणपत्र नभएका उपाधिको मूल्याङ्कन गरिने छैन ।

(छ) विद्यावारिधि उपाधि र एमफिल उपाधिमध्ये कुनै एक उपाधिको मात्र अङ्क पाइनेछ ।

अनुसूची - २

१. अनुसन्धान तथा कृति प्रकाशन सम्बन्धी अन्य व्यवस्था

(क) आवेदकले अनुसन्धान तथा कृति प्रकाशनको अङ्क प्रकाशन गरेका पुस्तक, लेख, प्रतिवेदन, कृति, अनुसन्धान कार्य आदि पेस गर्न सक्नेछन् ।

(ख) समाचारपत्रहरुमा छापिएका लेखको मूल्याङ्कन गरिने छैन । साथै सम्पादन कार्य, अनुवाद कार्य तथा सङ्कलन कार्य मात्र भएका कृतिहरु एवम् शोधसार (Abstract) को मूल्याङ्कन गरिने छैन ।

(ग) विद्यावारिधि वा स्नातकोत्तर तहको शोधपत्र पुस्तकको रुपमा प्रकाशित भए सो पुस्तकको कुनै अङ्क दिइने छैन । विद्यावारिधि गरेका उम्मेदवारले आफ्नो शोधग्रन्थ प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत पेस गर्नु पर्नेछ ।

(घ) अनुसन्धान तथा कृति मूल्याङ्कन गराउँदा पदाधिकारी सिफारिस समितिले आफै अथवा आवश्यक परेमा सम्बन्धित विषयका विशेषज्ञहरु आमन्त्रित गरी मूल्यांकन गर्नेछ ।

(ङ) विज्ञापन प्रकाशित भई सकेपछि प्रकाशित भएका अनुसन्धान तथा कृतिको मूल्याङ्कन गरिनेछैन ।

(च) पाठ्यपुस्तक मूल्याङ्कन गरिने न्यूनतम आधार

अ) पाठ्यक्रममा उल्लेखित विषय वस्तुको प्रतिनिधित्व (Cover)

आ) विषय वस्तुको गहिराइ

इ) भाषा

ई) तह अनुरुप विषयवस्तुको प्रस्तुतीकरण/विस्तृतिकरण

उ) आवश्यक चार्ट, चित्र, तालिका आदि

द्रष्टव्य : पाठ्यपुस्तक भन्नाले स्नातक तह वा सोभन्दा माथिका शैक्षिक कार्यकमका लागि उपयोगी सम्बन्धित विषयका पुस्तक सम्भनु पर्छ । ISBN नम्बर नभएका र सम्बन्धित विषय समितिले सिफारिस नगरेका पाठ्यपुस्तकलाई अंक प्रयोजनको लागि गणना गरिने छैन ।

(छ) अनुसन्धान परियोजनामा आधारित सन्दर्भ पुस्तकको अङ्कन गरिने न्यूनतम आधार

अ) मौलिक खोजी वा अनुसन्धानमा आधारित

आ) सम्बन्धित विषयलाई योगदान पुग्ने

इ) विषय वस्तुको गहिराइ

ई) भाषीक सुद्धता र प्रस्तुतीकरण

उ) आवश्यक चार्ट, चित्र, तालिका आदि

द्रष्टव्य : अनुसन्धान परियोजनामा आधारित सन्दर्भ पुस्तक भन्नाले अनुसन्धान परियोजनामा आधारित भई शैक्षिक कार्यकमका लागि उपयोगी सन्दर्भ सामग्री सम्भनुपर्छ । कुनै एक अनुसन्धान परियोजनामा आधारित प्रतिबेदन र सन्दर्भ पुस्तकको मूल्याङ्कन गर्नका लागि विषय बस्तु फरक हुनुपर्नेछ ।

(ज) अनुसन्धानात्मक प्रतिवेदन अङ्कन गरिने न्यूनतम आधार

अ) विषयसँग सम्बन्धित

आ) उद्देश्य अनुरुप विषयवस्तुको संगठन र प्रस्तुतीकरण

इ) अनुसन्धान विधिको स्पष्टता

ई) विश्लेषण र विवेचनाको गहनता/विस्तृतिकरण

उ) निष्कर्ष वा प्राप्तिहरुमा आधारित सुझाव ।

द्रष्टव्य : कुनैपनि विश्वविद्यालय अनुसन्धान केन्द्र/महाशाखामा कार्यरत व्यक्तिको अनुसन्धान वाफत छुट्याएको अङ्क प्राप्त गर्न आफू कार्यरत अनुसन्धान केन्द्र/महाशाखा बाहेक अन्य क्षेत्रबाट गरेको अनुसन्धान प्रतिवेदन मात्र पेस गर्न सकिनेछ ।

(झ) अनुसन्धान प्रतिवेदनका साथमा अनुसन्धान गराउने संस्थाको अनुसन्धान पूरा भएको मिति तथा उक्त अनुसन्धान प्रतिवेदन मूल्याङ्कन भई स्वीकृत भएको भन्ने विवरण सहितको आधिकारिक सक्कल पत्रको प्रमाणित प्रतिलिपि अनुसन्धान प्रतिवेदनमा संलग्न भएको हुनुपर्नेछ । यस्तो आधिकारिक पत्र संलग्न नभएको अनुसन्धान प्रतिवेदनको मूल्याङ्कन गरिने छैन । अनुसन्धान परियोजनाको लागि PI लाई १०० प्रतिशत CO-PI लाई ७५ प्रतिशत र Investigator लाई ५० प्रतिशत अंक प्रदान गरिने छ ।

(ञ) अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित अनुसन्धानात्मक लेख अङ्कन गर्ने न्यूनतम आधार

अ) शीर्षक र विषयको सम्बन्ध

आ) उद्देश्य अनुरुप विषयवस्तुको संगठन र प्रस्तुतीकरण

इ) अनुसन्धान विधिको प्रयोग

ई) विश्लेषण

उ) मौलिकता

ऊ) SJR-Scimago Journal Ranking को सूचीमा भएका लेखका लागि पूरा अंक प्रदान गरिनेछ। Nepjol मा प्रकाशित कृतिका लागि ८० प्रतिशत भन्दा बढी अंक प्रदान गरिने छैन । अन्य कृतिका लागि न्यूनतम २० प्रतिशत देखि अधिकतम ५० प्रतिशत सम्म अंक प्रदान गरिनेछ ।

द्रष्टव्य : अध्ययनको पृष्ठभूमि वा परिचय वा अध्ययन प्रक्रिया र प्राप्तिहरु नभएको लेख यस अन्तर्गत अङ्कन गरिने छैन ।

(ट) आवेदकले आवेदन फारामसँगै पेस गर्न ल्याएका अनुसन्धानात्मक र अन्य कृतिहरुको सूची आवेदन फरामका साथै तोकिए बमोजिमको ढाँचामा समेत उल्लेख गरी पेस गर्नु पर्नेछ ।

(ठ) Predatory journal मा प्रकाशित लेखहरुको मूल्यांकन गरिने छैन ।

(ड) जर्नलको एक अङ्कबाट एक उम्मेदवारको एउटा मात्र लेख मूल्याङ्कन हुनेछ ।

(ढ) प्रश्नोत्तरका रुपमा तयार पारिएका गाइड वा गेस पेपर जस्ता पुस्तकहरुलाई अङ्क दिइनेछैन ।

(ण) पुस्तकमा स्पष्ट रुपमा प्रथम संस्करण मिति उल्लेख भएको हुनु पर्नेछ । प्रथम संस्करण मिति उल्लेख नगरी संस्करण मात्र लेखिएका पुस्तकहरु मूल्याङ्कनमा पर्ने छैनन् । साथै पुस्तकमा प्रकाशकको सम्पर्क गर्न मिल्ने ठेगाना फोन नम्बर उल्लेख भएको हुनुपर्नेछ ।

आवेदन फाराम साथ बुझाउनु पर्ने अनुसन्धानात्मक र अन्य कृतिहरुको सूचीको ढाँचा

आवेदित पद :

विज्ञापन नं. :

आवेदकको नाम :

क. पाठ्यपुस्तक वा सन्दर्भ पुस्तक वा प्रकाशित अनुसन्धान सन्दर्भ पुस्तक

| क्र.सं. | पुस्तकको नाम | प्रकारः पाठ्यपुस्तक वा सन्दर्भ पुस्तक वा प्रकाशित अनुसन्धान प्रतिवेदन | प्रकाशकको नाम | प्रकाशन वर्ष | एक्लै वा संयुक्त लेखन |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

ख. लेखहरु

| क्र.सं. | लेख/लेखको शीर्षक/जर्नलको नाम, बर्ष र अंक | प्रकार ( अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित लेख वा विषयगत साधारण लेख) | एक्लै वा संयुक्त लेखन |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

आवेदकको हस्ताक्षर :

अनुसूची - ३

क्षेत्रगत, व्यवस्थापकीय/प्रशासकीय कार्यानुभवको पूर्णाङ्क विभाजन र अन्य व्यवस्था

१. पदाधिकारीको लागि उच्च शिक्षा प्राध्यापन र अनुसन्धान क्षेत्रमा कार्यानुभव र व्यवस्थापकीय प्रशासकीय कार्यानुभव वाफतको निर्धारित पूर्णाङ्क देहायबमोजिम हुनेछ ।

| पद | क्षेत्रगत अध्ययन अनुभव उच्च शिक्षा प्राध्यापन र अनुसन्धान क्षेत्रमा कार्यानुभव वाफत प्रति वर्ष आर्जन गर्ने अङ्क | प्राप्त गर्न सकिने अधि( कतम अङ्क |
|---|---|---|
| डीन/सहायक डीन, निर्देशक, परीक्षा नियन्त्रक/सह परीक्षा नियन्त्रक, प्रिन्सिपल/प्राचार्य, क्याम्पस प्रमुख, विभाग/स्कुल प्रमुख | उपप्राध्यापक ०.५<br>सहप्राध्यापक १<br>प्राध्यापक २ | २० |
| अधिकतम जम्मा अङ्क | २० | |

२. उच्च शिक्षा प्राध्यापन र अनुसन्धान क्षेत्रमा कार्यानुभव र व्यवस्थापकीय/प्रशासकीय कार्यानुभव सम्बन्धमा थप अन्य व्यवस्था

२.१ विश्वविद्यालयको पदाधिकारी वाफतको अंक प्राप्त गर्नका लागि कुलपति, सह कुलपति, कार्यकारी परिषद्, उपकुलपति, रजिष्ट्रारले नियुक्त गरेका पदाधिकारी हुनु पर्नेछ । तर प्राचार्य तथा क्याम्पस प्रमुखद्वारा नियुक्त गरिएका पदाधिकारीहरुको अनुभव वाफतको अंक सम्बन्धित क्याम्पसको नियुक्तिका लागि मात्र गणना गरिने छ । समायोजन अघि नियुक्त भएका विभागीय प्रमुखहरुलाई एक पटकका लागि पदाधिकारी सरहको मान्यता दिइने छ ।

२.२ सेवा अवधि गणना गर्दा जम्मा हुनआउने अवधिमा वर्ष दिन भन्दा घटी अवधिको लागि अङ्क दिइने छैन । सेवा अवधिको गणना गर्दा अटुटरुपमा गरेको अवधिलाई गणना गरिनेछ ।

२.३ असाधारण बिदामा (बेतलवी बिदा) बसेको अवधि वा विश्वविद्यालय बाहिर बेतलवी काजमा गएका शिक्षकको हकमा सेवा अनुभवको अङ्क दिने प्रयोजनका लागि सो असाधारण बिदा (बेतलवी बिदा) र बेतलवी काजको गणना गरिने छैन । तर विश्वविद्यालयको पूर्वस्विकृतीमा विश्वविद्यालयका आङ्गिक वा सम्बन्धन प्राप्त क्याम्पसमा बेतलवी काज वा बेतलवी बिदामा काम गरेको सेवा अवधिको अङ्क गणना गरिने छ ।

२.४ अध्ययन विदामा बसेका व्यक्तिले अध्ययन बिदा अवधिमा कुनै पनि पदमा आबेदन गर्न पाउने छैनन् । अध्ययन बिदा उपभोग गरी अध्ययन पुरा नगरेका व्यक्तिहरुको हकमा उक्त अवधिको अनुभव वाफत प्राप्त हुने अंकको गणना गरिने छैन ।

अनुसूची-४

कार्य योजना सहितको अवधारणा प्रस्ताव मूल्याङ्कन सम्वन्धी अंक विभाजन

१. पदाधिकारीको लागि गरिएको विज्ञापन जुन पदको लागि आवेदन दिएको हो सोही पदको आवेदकले लिखित रुपमा आफ्नो पदीय भूमिका र कार्ययोजना सहित पेस गरेको अवधारणा प्रस्ताव (३००० शब्द सम्म) विश्वविद्यालयले तोकेको ठेगानामा तोकिएको मितिभित्र आइपुग्ने गरी अनलाइन वा इमेल र भौतिक रुपमा पेस गर्नुपर्नेछ । इमेलबाट पाठाईएको कागजातलाई नै आधिकारीक मानिनेछ ।

२. पदाधिकारीका लागि आवेदन दिने आवेदकले लिखित रुपमा आफ्नो पदीय भूमिका र कार्ययोजना सहित पेस गरेको अवधारणा प्रस्ताव पत्रको मूल्याङ्कन गर्दा कूल २० पूर्णाङ्कमा गरिनेछ ।

३. पदाधिकारीको आवेदकले लिखित रुपमा आफ्नो पदीय भूमिका र कार्ययोजना सहित पेस गरेको अवधारणा प्रस्तावको मूल्याङ्कनको निर्धारित पूर्णाङ्कमा देहायबमोजिम अङ्क विभाजन हुनेछ ।

| पद | अवधारणा प्रस्तावको विषयवस्तु | अवधारणा प्रस्तावको ढाँचा | अवधारणा प्रस्तावपत्रको भाषिक शुद्धता र शैली | प्राप्त गर्न सकिने अधिकतम अङ्क |
|---|---|---|---|---|
| डीन/सहायक डीन/निर्देशक परीक्षा नियन्त्रक/सहपरीक्षा नियन्त्रक/प्रिन्सिपल/प्राचार्य, क्याम्पस प्रमुख, विभाग/स्कुल प्रमुख | १० | ५ | ५ | २० |
| अधिकतम जम्मा अङ्क | | | | २० |

द्रस्टव्य : न्यूनतम ४० प्रतिशत भन्दा कम र ८० प्रतिशत भन्दा बढी अंक प्रदान गर्नु परेमा समितिका सदस्यले उचित कारण उल्लेख गर्नु पर्नेछ । समितिका कुनै एक वा दुई सदस्यलेमात्र ४० प्रतिशत भन्दा कम वा ८० प्रतिशत भन्दा बढी अंक पदान गरेमा कम अंक प्रदान गरेको खण्डमा ४० प्रतिशत र बढी अंक प्रदान गरेको खण्डमा ८० प्रतिशत अंक कायम गरिनेछ ।

## अनुसूची-५

कार्य योजना सहितको अवधारणा प्रस्ताव प्रस्तुतीकरणको मूल्याङ्कन सम्वन्धी अंक विभाजन

१. पदाधिकारीको आवेदकले लिखित रुपमा पेस गरेको आफ्नो पदीय भूमिका र कार्ययोजना सहितको अवधारणा प्रस्ताव  विश्वविद्यालयले तोकेको ठेगानामा तोकिएको मिति र समयमा उमेदवार स्वयं भौतिक रुपमा उपस्थित भई प्रस्तुतीकरण गर्नुपर्ने छ ।

२. पदाधिकारीको आवेदन दिने आवेदकले लिखित रुपमा आफ्नो पदीय भूमिका र कार्ययोजना सहित पेस गरेको अवधारणा प्रस्तावको प्रस्तुतीकरणको मूल्याङ्कन गर्दा कूल ३० पूर्णाङ्कमा गरिनेछ । प्रस्तुतीकरण सम्वन्धी सूचना सम्वन्धित उम्मेदवारलाई प्रस्तुतीकरण हुने दिन भन्दा बढीमा ७ दिन अगाडि सूचित गरिनेछ ।

३. पदाधिकारीको आवेदकले लिखित रुपमा आफ्नो पदीय भूमिका र कार्ययोजना सहित पेस गरेको अवधारणाप्रताव पत्र प्रस्तुतीकरणको मूल्याङ्कनको निर्धारित पूर्णाङ्कमा देहायबमोजिम अङ्क विभाजन हुनेछ ।

| प्द | अवधारणा प्रस्तावको विषयवस्तुको प्रस्तुतीकरण र प्रतिउत्तर | प्रस्तुतकर्ताको व्यक्तित्व र आत्मविश्वास | प्रस्तुतीकरण को भाषिक शुद्धता र शैली | प्रस्तुतीकरण को सन्तुलन र समय व्यवस्थापन | प्राप्त गर्न सकिने अधिकतम अङ्क |
|---|---|---|---|---|---|
| डीन/सहायक डीन/परीक्षा नियन्त्रक/सह परीक्षा नियन्त्रक/प्रिन्सिपल/प्राचार्य/क्याम्पस प्रमुख/विभाग/स्कुल प्रमुख | १५ | ५ | ५ | ५ | ३० |
| अधिकतम अङ्क | ३० | | | | |

द्रस्टव्य : न्यूनतम ४० प्रतिशत भन्दाकम र ८० प्रतिशतभन्दा बढी अंक प्रदान गर्नु परेमा समितिका सदस्यले उचित कारण उल्लेख गर्नु पर्नेछ । समितिका कुनै एक वा दुई सदस्यलेमात्र ४० प्रतिशत भन्दा कम वा ८० प्रतिशत भन्दा बढी अंक पदान गरेमा कम अंक प्रदान गरेको खण्डमा ४० प्रतिशत र बढी अंक प्रदान गरेको खण्डमा ८० प्रतिशत अंक कायम गरिनेछ ।

४. आवेदन साथ पेस गर्नुपर्ने कागजातहरुः

(क) व्यक्तिगत विवरण

(ख) शैक्षिक प्रमाणपत्रको प्रमाणिक कागजात

(ग) विश्वविद्यालयमा काम गरेको पूरा अनुभव वर्ष र उपभोग गरेको बिदाहरु खुल्ने प्रमाणिक कागजात,

(घ) अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कोषबाट सञ्चालित अनुसन्धान परियोजनाहरुको नेतृत्व सम्बन्धी (PI, Co-PI, Inves tigator) अनुभवका कागजातहरु

(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित लेख तथा स्तरिकृत भएका पुस्तक तथा सामग्रीहरु

(च) विश्वविद्यालयको योजना अनुरुप प्राज्ञिक तथा वित्तिय व्यवस्थापन एवम् संस्थागत विकासको विषयमा तयार गरिएको ३००० शब्दसम्मको कार्ययोजना सहितको अवधारणा प्रस्ताव

(छ) विश्वविद्यालयसँग स्वार्थ बाझिने गरी विभिन्न निजी शैक्षिक संस्थाहरुमा सम्बन्धित व्यक्तिको लगानी भएको/नगरेको स्वघोषणा

(ज) विश्वविद्यालयको नेतृत्व तहमा गरेको कार्य अनुभवका प्रमाणित विवरण

(झ) Patent र PhD Supervise गरेको प्रमाणिक पत्र

(ञ) तालिम प्राप्त गरेको प्रमाणिक पत्र (सरकारी निकायले प्रदान गरेको प्रमाण पत्र तथा विश्वविद्यालयले सिफारिस गरि तालिममा पठाए पश्चात आधिकारिक संस्थाले प्रदान गरेको प्रमाण पत्र मात्र)